वैभव मधेशदृष्टि

२०८० साल असोज २७ गते शनिबार
Saturday 14, October 2023

# मधेशको शिक्षा उकास्ने कहिले ?

*पाँच दशकपछि नेपालमा शिक्षा सम्बन्धी कानुन परिवर्तन गर्ने प्रक्रिया अघि बढेको छ । पञ्चायतकालीन कानुनकै आधारमा प्रजातन्त्र, लोकतन्त्र र यति बेला गणतन्त्र नेपालको शैक्षिक गतिविधि समेत सञ्चालन भइरहेको छ । शिक्षा सम्बन्धी नयाँ कानुन सबल या दुर्बल कस्तो बन्ला, त्यो सदनको हातमा छ । तर, विद्यालय शिक्षाको वर्तमान अवस्था अत्यन्तै नाजुक मोडमा पुगेको छ । मधेशको शैक्षिक अवस्था केलाएर हेर्ने हो भने झनै चिन्ताजनक अवस्था छ । यो अवस्था कसरी आयो ? कसले चाहेर शिक्षामा सुधार सम्भव होला ? यी र यस्तै विषयमा केन्द्रित रहेर जनकपुर कम्युनिटी कलेजका संस्थापक सदस्य एवम् प्रिन्सिपल डा. सोहन प्रसाद साहले मधेशदृष्टिका सुरेश यादवसँग गरेको कुराकानी :*



> मेरो अनुसन्धानको क्रममा पाएको र भोगेको शैक्षिक अवस्थालाई म दुई भागमा बाँडेर प्रस्तुत गर्न चाहन्छु । पहिलो, नेपालको साक्षरता दरलाई मानक मान्ने हो भने नेपालको साक्षरता दर करिब ७६ प्रतिशत छ भने मधेशमा जम्मा करिब ६४ प्रतिशत साक्षरता दर रहेको छ । यो साक्षरता दरले नेपालकै र झन् मधेशको शैक्षिक अवस्था कस्तो नाजुक अवस्थामा छ भनेर सहजै अनुमान लगाउन सकिन्छ । यही साक्षरता दरलाई मधेशमा रहेका पालिकाहरुलाई आधार मानेर विश्लेषण गर्ने हो भने ५० प्रतिशतभन्दा पनि कम साक्षरता दर भएका पालिकाहरू पनि छन् । यो भन्नुको मतलब प्रति दुई नागरिकमा एक निरक्षर । र, मधेश प्रदेशका कुल १३६ पालिका मध्ये २२ वटा पालिकामा त ५५ प्रतिशतभन्दा पनि कम साक्षरता दर रहेको देखियो । मधेश प्रदेशकै साक्षरता दरलाई मानक मान्ने हो भने मधेशको समग्र साक्षरता प्रतिशत अर्थात् प्रदेशको औसत साक्षरता दरभन्दा कम साक्षरता दर भएको पालिका ८३ वटा छन् ।

**तपाईँहरूले जनकपुरमा कम्युनिटी कलेज खोल्नु भयो । यो सरकारी हो कि निजी ?**

यो कलेज निजी पनि होइन, सरकारी पनि होइन । यो कलेज सामुदायिक हो । सामुदायिक भन्नाले दुई किसिमले बुझ्न सकिन्छ । पहिलो त यो गैरनाफामुलक संस्थाको रूपमा छ । दोस्रो भनेको समुदायका लागि समुदायकै तर्फबाट संचालित संस्था हो भनेर बुझ्नुपर्छ । यो कलेज सञ्चालनका लागि आवश्यक खर्च यहाँ पढ्ने विद्यार्थीले तिर्ने शुल्कबाटै धान्ने हो । तर, शुल्क भने विश्वविद्यालयको नियमानुसार आंगिक कलेज सरह निर्धारण गरिन्छ । त्यो भनेको सञ्चालकले नाफा कमाउने नभएर कलेजलाई प्रभावकारी रूपमा सञ्चालनका लागि न्यूनतम शुल्क लिने हो ।

**कम्युनिटी कलेजको अवधारणा कसरी आयो ?**

करिब दुई वर्षअघि पूर्वाञ्चल विश्वविद्यालयले एउटा सूचना जारी गरेको थियो, सामुदायिक कलेजले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न आधिकारिक निवेदन आह्वान गरिएको थियो । हामीले सोही सूचनाको आधारमा नयाँ कम्युनिटी कलेज चलाउने सोच बनायौं र त्यसका लागि आवश्यक सबै कागजात सम्बन्धी प्रक्रिया पूरा गरी आवेदन दियौँ । हाम्रा लागि भाग्यको कुरा के भने मधेश प्रदेशबाट थोरै आवेदन पेश भएको रहेछ र जनकपुरबाट हामी एक्लो कलेज भयौँ । हामीले सम्बन्धन प्राप्तका लागि ब्याचलर इन इन्फर्मेशन टेक्नोलोजी (बिआइटी), बिएस्सी एग्रिकल्चर र बिएस्सी फरेस्ट्रीका लागि प्रस्तावना पेश गर्यौँ । र, पूर्वाञ्चल विश्वविद्यालयले हाम्रो प्रस्तावना स्वीकार गरी बिआइटीको सम्बन्धन पहिलो चरणमा दियो । हामीले लगत्तै बिआइटी पढाउन सुरु गर्यौं । यस वर्ष दोस्रो ब्याचका लागि आवेदन खोलेका छौँ । यसै वर्ष बिएस्सी एग्रिकल्चर पढाउन पनि विधिवत् रूपमा सम्बन्धन प्राप्त गरिसकेका छौँ र विद्यार्थी भर्नाका लागि पनि आवेदन आह्वान गरिसकेका छौँ ।

**समाज अध्ययन गर्ने व्यक्ति तपाई कसरी कलेज चलाउन पुग्नुभयो ?**

म आफैँले मधेशको शिक्षा क्षेत्रमा अनुसन्धान सुरु गरेको धेरै वर्ष भइसक्यो । मधेशको खस्कँदो शिक्षाको अवस्थासँग प्रत्यक्ष साक्षात्कार हुने मौका पाएँ । मधेशको शैक्षिक दुरावस्था देखेपछि अनुसन्धानमा मात्र केन्द्रित रहनुभन्दा शिक्षा सुधारका लागि आफै पनि अग्रसर हुनुपर्ने सोच पलाएर आयो । त्यसै सिलसिलामा कलेज चलाउँदा व्यापारतिर मोडिन सक्ने सम्भावनालाई रोक्न कम्युनिटी कलेजको अवधारणा आएको हो । र, आवश्यक प्रक्रिया पूरा गरी यहाँसम्म आइपुगेको हुँ । त्यसैले समाजको अध्ययनपछि देखिएका कमीकमजोरी न्यूनीकरण गर्ने हेतुले कलेज चलाउनतिर लागेको हुँ । यसो भनिरहँदा फेरि पनि मेरो ध्येय भनेको कलेज चलाएर पैसा कमाउने होइन, समुदायलाई शिक्षाको कोणबाट कसरी योगदान गर्न सकिन्छ भन्ने मेरो चाहना र प्रयास हो ।

**शैक्षिक अनुसन्धानको क्रममा मधेशको शिक्षाको अवस्था कस्तो पाउनुभयो ?**

मेरो अनुसन्धानको क्रममा पाएको र भोगेको शैक्षिक अवस्थालाई म दुई भागमा बाँडेर प्रस्तुत गर्न चाहन्छु । पहिलो, नेपालको साक्षरता दरलाई मानक मान्ने हो भने नेपालको साक्षरता दर करिब ७६ प्रतिशत छ भने मधेशमा जम्मा करिब ६४ प्रतिशत साक्षरता दर रहेको छ । यो साक्षरता दरले नेपालकै र झन् मधेशको शैक्षिक अवस्था कस्तो नाजुक अवस्थामा छ भनेर



सहजै अनुमान लगाउन सकिन्छ । यही साक्षरता दरलाई मधेशमा रहेका पालिकाहरुलाई आधार मानेर विश्लेषण गर्ने हो भने ५० प्रतिशतभन्दा पनि कम साक्षरता दर भएका पालिकाहरू पनि छन् । यो भन्नुको मतलब प्रति दुई नागरिकमा एक निरक्षर । र, मधेश प्रदेशका कुल १३६ पालिका मध्ये २२ वटा पालिकामा त ५५ प्रतिशतभन्दा पनि कम साक्षरता दर रहेको देखियो । मधेश प्रदेशकै साक्षरता दरलाई मानक मान्ने हो भने मधेशको समग्र साक्षरता प्रतिशत अर्थात् प्रदेशको औसत साक्षरता दरभन्दा कम साक्षरता दर भएको पालिका ८३ वटा छन् ।

यो त भयो साक्षरताको अवस्था । मधेश प्रदेशको उच्च शिक्षाको अवस्थालाई विश्लेषण गर्ने हो भने अवस्था झन् धेरै नाजुक छ । मधेश प्रदेश नेपालका करिब ६ प्रतिशत भूभाग हो । तर, जनसंख्याको हिसाबले देशको करिब २१ प्रतिशत जनसंख्याको प्रतिनिधित्व गर्छ । तर, उच्च शिक्षामा यसको पहुँच हेर्दा सबै विषयलाई मिलाएर जम्मा ७ दशमलव ३ प्रतिशत मात्र रहेको छ । विज्ञान र प्रविधिकै विषयमा हेर्ने हो भने पनि जम्मा ४ दशमलव २९ प्रतिशत मधेश प्रदेशमा विद्यार्थीको आबद्धता रहेको छ ।

हामीले सामुदायिक कलेजबारे ठूलो अवधारणा र सोच राखेका छौँ । नेपालकै सबैभन्दा बढी जनघनत्व भएको प्रदेश मधेश हो । दोस्रो बढी जनघनत्व भएको बागमती प्रदेशभन्दा दुई गुणा बढी जनघनत्व मधेश प्रदेशमा छ । यो कोणबाट हेर्दा मधेशलाई उच्च शिक्षाको हबकै रूपमा विकास गर्न सकिने सम्भावना प्रचुर छ । तर, यसका लागि आवश्यक वातावरण र पूर्वाधारको विकास चाहिन्छ । जनकपुर कम्युनिटी कलेजलाई हामीले एउटा पाइलट प्रोजेक्टको रूपमा अगाडि बढाइरहेका छौँ ।

**तपाईँले मधेशको साक्षरता र उच्च शिक्षाको अवस्था चित्रण गर्नुभयो । मधेशमा विद्यालय शिक्षाको अवस्था कस्तो छ ?**

साक्षरता दर र उच्च शिक्षाको अवस्था केलाउनुपर्ने कारण दुई वटा छन् । पहिलो, यदि विद्यालय शिक्षा राम्रो भएन भने उच्च शिक्षाको स्तर राम्रो गर्न सकिँदैन । र, उच्च शिक्षा राम्रो भएन भने विद्यालय शिक्षाको स्तर कायम गर्न पनि सजिलो नहोला । यी दुवै नङ र मासुको जस्तै सम्बन्ध राख्दछ ।

दोस्रो कारण, विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउने स्रोत उच्च शिक्षा हो । नयाँ उद्यमको सुरुवात गर्ने र उद्यमी उत्पादन गर्ने निकाय पनि उच्च शिक्षा नै हो । त्यसैले हामीले शिक्षालाई समग्रतामा हेरेर विश्लेषण गर्नुपर्ने हुन्छ । तर, मधेशको हालको अवस्था हेर्दा हामी यी दुवै चुनौतीसँग प्रभावकारी रूपले सामना गर्न सक्ने अवस्था सहज देखिँदैन । उदाहरणका लागि हामीले जनकपुर कम्युनिटी कलेजमा प्राविधिक कोर्सहरु (बिआइटी र एग्रिकल्चर) राखेका छौँ । र, यसका लागि एसईई र प्लस टुबाट विज्ञान र गणित पढेका विद्यार्थीहरू चाहिन्छ । तर, एसईई र प्लस टुको रिजल्ट केलाउँदा मधेश प्रदेशका औसत विद्यार्थी अंग्रेजी, गणित र विज्ञान विषयमा निकै कमजोर देखिन्छ । विद्यार्थीको बेस नै कमजोर भएपछि माथि अध्ययन गर्न आवश्यक सीप र क्षमतामा ह्रास आएको देखिन्छ । त्यसैले पनि मधेश प्रदेशमा विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म आमूल परिवर्तन गर्ने गरी योजना बनाएर काम गर्नुपर्ने आवश्यकता देखियो ।

**यो आवश्यकता तपाइँले औँल्याइरहँदा कुन पक्षको के जिम्मेवारी छ जस्तो लाग्छ ?**

यो जिम्मेवारीको कुरा गर्दा मधेशको शैक्षिक इतिहासलाई केलाउनुपर्ने देखिन्छ । उदाहरणका लागि मधेशमा जति पनि ठूला विद्यालय र आंगिक कलेजहरू (रामसागर रामस्वरुप बहुमुखी क्याम्पस, ठाकुरराम बहुमुखी क्याम्पस र महेन्द्र विन्देश्वरी क्याम्पस लगायत) सामुदायिक स्तरमा स्थापना भएका छन्, यी क्याम्पसहरू नेपालकै जेठो विश्वविद्यालयको परिचय प्राप्त गर्ने त्रिभुवन विश्वविद्यालयभन्दा पनि जेठा छन् । यी त भए छ-सात दशक पहिलेका कुरा । त्यस बेला मधेशले सामुदायिक शिक्षा विस्तारको सन्देश देशभर फैलायो । अहिलेको अवस्था भने त्यस बेलाको भन्दा उल्टो मोडमा आइपुगेको छ । उहिले सामुदायिक शिक्षामा देशमै नेतृत्व गर्ने मधेश अहिले सामुदायिक शिक्षामा कमजोर मात्रै होइन नाजुक अवस्थामा आइपुगेको तितो सत्य मेरो अनुसन्धानले देखाएको छ ।

विद्यालय व्यवस्थापन समितिमा राजनीतिक घुसपैठ, अपराधिकरणदेखि अनेक विकृति मधेशमै बढी देख्न सकिन्छ । यसो भनिरहँदा नेपालमा राम्रो भन्ने खोजिएको होइन, तर देशको अवस्थाभन्दा पनि मधेश निकै तल्लो स्तरमा पुगेको यथार्थबारे बोल्नैपर्छ, यदि सुधारको अपेक्षा गर्ने हो भने ।

जिम्मेवारी कसको भन्ने सवालमा सरकारको भन्दा पनि समुदाय नै प्रमुख जिम्मेवार हो र हुनुपर्ने जस्तो मलाई लाग्छ । शैक्षिक अवस्था सुधार्ने सवालमा समुदाय प्राथमिक पक्ष हो भने सरकार दोस्रो पक्ष । किनभने हिजो पनि समुदाय नै अग्रसर हुँदा मधेश शिक्षित भयो । मधेशले पढाइदिएको पहाड आज राम्रो हुन पुग्यो । मधेश झनै तल झर्यो । यस्तो पनि उदाहरण देखिएको छ कि मधेशकै शिक्षकले पढाइदिएको विद्यार्थी आज सिंहदरबारमा उच्च पदस्थ सचिव भए तर ती शिक्षककै छोरा आज खाडी मुलुकमा मजदुरी गर्दैछन् ।

**जनकपुर कम्युनिटी कलेजले मधेशको शिक्षा सुधारमा कस्तो योगदान पुर्याउँछ त ?**

जनकपुर छेउछाउका तीन जिल्ला (महोत्तरी, धनुषा र सिरहा) मा मात्रै करिब चार दर्जन स्थानीय तह छन् । ती पालिकाहरूले एक मात्र विद्यार्थीको दरले छात्रवृत्ति प्रदान गर्ने हो भने सामुदायिक कलेजमा हरेक विद्यार्थीले निःशुल्क शिक्षा पाउन सक्छन् । हामीले यसरी प्रत्येक पालिकामा दक्ष जनशक्ति तयार गर्ने थलोको रूपमा यो कलेज स्थापना गरेका हौँ । तर यसका लागि स्थानीय सरकारहरूको साथ र समर्थन आवश्यक पर्छ । यी विषय सामुदायिक स्तरमा बहसको विषय बन्नुपर्छ भन्ने हाम्रो मान्यता हो । शिक्षामा सुधार भनेको मधेश र देशको भविष्य सुधारको विषयसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । यसका लागि सरकारले मात्रै गर्ने वा सरकारको मात्रै जिम्मेवारी हो भनेर हामी हात बाँधेर बसेर हुँदैन । हरेक सचेत नागरिक र जनप्रतिनिधिले पालिका स्तरमै शिक्षा सुधारको विषयलाई प्राथमिकतामा राखेर बजेट र योजना बनाउने र प्रभावकारी कार्यान्वयन गर्ने वातावरण बन्न सक्नुपर्छ । यसका लागि सञ्चार माध्यम र राजनीतिक दलहरूलाई जिम्मेवारी बोध होस् भन्ने मेरो चाहना र अनुरोध हो ।